# तिलाठी कोइलाडी गाउँपालिकाको
# आर्थिक वर्ष २०७७/७८ को
# बार्षिक नीति तथा कार्यक्रम

तिलाठी कोइलाडी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी
१० असार २०७७

संविधानको मर्म र भावना अनुरुप स्थानीय सरकारलाई निरन्तरता दिन **"आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र ब्यवहार परिवर्तन विकासको मूल आधार"** नारालाई पूर्णता दिनका लागि सहकार्य र समन्वयलाई अझ मजबुत गर्दै कोरोना भाइरसको महामारीका बीच हामी तिलाठी कोइलाडी गाउँपालिकाको चौथो गाउँ सभामा उपस्थित भएका छौं। लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ आफ्नो ज्यानको बलिदान दिने सहिदहरूको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु। मैले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावना, नेपाल सरकार, प्रदेश सरकारको नीति तथा कार्यक्रम, चालु योजना, दिगो विकास लक्ष्य, गाउँ सभा सदस्य तथा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकतालाई समेत ध्यान दिई गाउँपालिकाको गौरवका निमित्त नीति तथा कार्यक्रम पेश गर्दैछु।
अब म आ.व. २०७७/०७८ को यस तिलाठी कोइलाडी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

**गाउँ सभा सदस्य ज्यूहरु,**

नेपालीहरुको चाहना र आवश्यक्तालाई आत्मसात् गर्दै नेपालमा न्याय, समानता, स्वाधीनता, स्वतन्त्रता र समृद्वि प्राप्तिका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा शहादत दिनु भएका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु।

आर्थिक बर्ष ०७७/७८ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएको स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन २०७४ र नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा कार्यविधिलाई मूल आधार मानिएको छ।

मैले नीति तथा कार्यक्रमहरु प्रस्ताव गर्दा संविधानमा उल्लेख भएका मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु यस अधिवेशनमा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, विभिन्न चरणमा प्राप्त सल्लाह र सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु। बार्षिक वजेट, नीति तथा कार्यक्रम तय गर्दा शिक्षा, स्वास्थ्य तथा विपद् ब्यवस्थापन क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु।

**गाउँ सभा सदस्य ज्यूहरु,**

**"आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र ब्यवहार परिवर्तन विकासको मूल आधार"** भन्ने नारालाई आत्मसात गर्दै आ. ब. २०७७/७८ को प्रस्तावित बजेटको प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम तय गरिएको छ।

- ✓ कोभिड १९ को भयावह अवस्थामा स्वास्थ्य, शिक्षा, रोजगार, कृषि र विपद् ब्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राख्दै आवश्यक कार्यक्रम कार्यान्वयन गरिने छ।
- ✓ कृषि क्षेत्रको विकासको लागि कृषि प्रविधि, ब्यवसायिक तथा सामुहिक खेती, सिंचाई सुविधाको विकास र विस्तार गरी कृषिलाई ब्यवसायिकरण गरिने छ।
- ✓ विपद् प्रभावित गाउँपालिकालाई विपद्को जोखिमबाट मुक्त गर्न कार्यक्रम सञ्चालन गरिने छ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

तिलाठी कोइलाडी गाउँपालिकालाई **"आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र ब्यवहार परिवर्तन विकासको मूल आधार"** भन्ने मूल नारा अनुरुप **सुन्दर, समुन्नत र समृद्ध** बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु तय गरिएको अवगत गराउँदछु।

(१) आर्थिक विकास

- ➢ **युवालाई उद्यमशील र स्वरोजगार बनाई विदेश पलायन हुनबाट रोक्न "युवाका लागि सीप अध्यक्ष हाम्रो मित( मित्र)" कार्यक्रम सञ्चालन गरिने छ।**
- ➢ आफ्नो सीप तथा पूँजी प्रयोग गरी ब्यवसाय गर्न इच्छुक लक्षित वर्गको लागि उद्यमशिलता तालिम सञ्चालन गरिने छ।

- माछापालन, तरकारी खेती, पशुपालन गर्ने कृषकलाई प्रोत्साहन गरिने छ ।
- कृषकको समस्या स्थानीय स्तरमै सम्बोधन गर्न वडा स्तरमा "प्लान्ट क्लिनिक" सञ्चालन गरिने छ ।
- "एक स्थानीय तह एक कृषि र पशु सेवा प्राविधिक" कार्यक्रम अन्तर्गत गाउँपालिकामा कार्यरत कृषि तथा पशु प्राविधिकहरुकालागि आर्थिक बर्ष २०७७/०७८ मा आधा तलब गाउँपालिकाबाट ब्यवस्थापन गरिने छ ।
- पशु स्वास्थ्य उपचारका लागि घरदैलो घुम्ती सेवा प्रवाहको व्यवस्था मिलाइने छ ।
- नगदे बालीको रुपमा मकै खेतीलाई प्रबर्द्धन गरिने छ ।
- कोभिड १९ को कारण प्रभावित कृषकलाई खेतीमा प्रोत्साहित गर्न धान, गहुँ तथा मकै बालीको विऊमा पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराइने छ ।
- रोजगार सिर्जना गर्ने उद्देश्यले मेसन, प्लम्बिङ, सिलाई कटाई, मोबाइल मर्मत जस्ता रोजगारमुलक तालिमहरु सञ्चालन गरिने छ ।
- गाई/भैंसी पालन गर्न चाहने कृषकलाई सहकारी संस्थामार्फत निर्ब्याजी ऋण उपलब्ध गराइने छ ।
- कृत्रिम गर्भाधानको माध्यमबाट उन्नत जातका पशु वृद्धि गरी उत्पादकत्व बढाउने तथा पशुपंक्षीको विमा तथा उपचार कार्यक्रमलाई जोड दिई पशुपंक्षी पालनलाई ब्यवसायीकरण गरिने छ ।
- गाउँपालिकामार्फत विकासीय योजनाहरु सञ्चालन गर्दा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखी परिचालन गर्ने ब्यवस्था मिलाइने छ ।
- कृषिजन्य उत्पादनको प्रचार प्रसार एवम् कृषकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ ।
- अर्गानिक कृषि उत्पादनमा जोड दिन विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- नयाँ लघु उद्यमी सिर्जना गर्न लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- बगर खेती तथा सामुहिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- डोम र कुमहार समुदायलाई आधुनिक प्रविधी प्रयोग गरी पारम्परिक पेशाको प्रवर्द्धनकालागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई अझ प्रभावकारी ढंगबाट सञ्चालन गरिने छ ।
- गाउँपालिकामा संचालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई नै काममा लगाउने व्यवस्था मिलाइने छ ।
- तिलाठीस्थित खाँडो खोलालाई सिधा हुने गरी निर्माणाधिन पूलसम्म लैजान (हाल बगिरहेको ठाउँ र साबिकको धारको बीच भागमा पर्ने नम्बरी जग्गा (विवादित जग्गा) को उचित राहत/मुआब्जाका लागि गाउँपालिकाबाट संघीय सरकार, प्रदेश सरकार, संघीय साँसद तथा प्रदेश सभा सदस्यहरुसँग छलफल गरी संघ तथा प्रदेश सरकारसँग उचित राहत/मुआब्जा दिलाउन प्रयास गरिने छ । उक्त विवादित नम्बरी जग्गा (विवादित जग्गा)को लागि गाउँपालिकाबाट रु. ३५ लाख छुट्याई जग्गाधनीहरुलाई कृषि कार्य/पशुपालनका लागि दामासाही हिसाबले प्रति कठ्ठा अनुदान सहयोग उपलब्ध गराइने छ ।
- पशु सेवा विकासका लागि विभिन्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(२) **सामाजिक विकास**

क) <u>बालबालिका</u>

- कोही पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने हेतुले **"हमहुँ जेबै स्कूल"** कार्यक्रम कार्यान्वयन गरिने छ ।
- जन्मदर्ता बालबालिकाको पहिचानको पहिलो खुड्किलो भएकोले जन्मेको ३५ दिनभित्र हरेक बालबालिकाको जन्मदर्ता गराउने कार्यलाई प्रबर्द्धन गरिने छ ।
- बाल संरक्षणलाई प्रबर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । साथै बाल विवाह मुक्त वडा घोषणाकालागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- बालबालिकामा रहेको कुपोषणको अवस्थालाई सुधार गर्न बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ ।
- बेटी पढाउ बेटी बचाउ अभियानलाई अझ प्रभावकारी ढंगबाट सञ्चालन गरिने छ ।

- बालमैत्री स्थानीय शासन अबलम्बन गरी यस गाउँपालिकालाई आ.ब. ०७७/०७८ भित्र गाउँपालिकाको कम्तिमा दुई वटा वडालाई बालमैत्री बनाउन कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न र विद्यालय छाड्ने दर घटाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिकाको सहभागिता, क्षमता विकास, नेतृत्व विकास लगायतको क्रियाकलापमा उनीहरुको सहभागिता बढाई योजना तर्जुमा प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ ।
- विपद् जोखिम न्युनीकरणमा बालबालिकाको भूमिकालाई ध्यानमा राखी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

ख) <u>महिला</u>

- चार पटक गर्भ जाँच गराई स्वास्थ्य संस्थामा प्रसुति भई ३५ दिनभित्र बच्चाको जन्मदर्ता गराउने महिलालाई प्रोत्साहन स्वरुप गाउँपालिकाबाट सम्मान गरिने छ ।
- महिला हिंसा, लैंगिक हिंसा, दाइजो प्रथा, यौनजन्य हिंसा, घरेलु हिंसा जस्ता सामाजिक कुरीतिहरुको निरुत्साहित गर्न सहयोग पुग्ने खालको कार्यक्रम तर्जुमा गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- विपन्न वर्गका महिलालाई आर्थिक रुपले सबल बनाउन महिला लक्षित क्षमता विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- महिलाको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिइने छ ।
- महिलाहरुको सीपमा अभिवृद्धि गरी आयआर्जनमूलक कार्यक्रममा सहभागी गराइनेछ ।
- लैंगिक हिंसा न्युनीकरणकालागि आवश्यक कार्यक्रम तर्जुमा गरी लैंगिक हिंसा निबारण कोषको ब्यवस्था गरिनेछ ।
- यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलन अद्यावधिक गरिनेछ ।

ग) <u>शिक्षा</u>

- कोभिड १९ को कारण प्रत्यक्ष मारमा परेका विद्यार्थीहरुका लागि वैकल्पिक माध्यमबाट पठनपाठनको ब्यवस्था मिलाइने छ ।
- सामुदायिक विद्यालयहरुको कार्यालय तथा लेखा ब्यवस्थापन पक्षलाई चुस्त दुरुस्त बनाउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्ने र अवकाश प्राप्त गर्ने प्रधानाध्यापक तथा शिक्षकको सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- दक्ष जनशक्ति उत्पादन गरी आत्मनिर्भर बनाउन ब्यवसायिक शिक्षालाई प्रबर्द्धन गरिने छ ।
- सामुदायिक विद्यालयका छात्राहरुकालागि निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराउने ब्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाका हरेक नागरिकलाई साक्षर बनाई **साक्षर गाउँपालिका घोषणा**का लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिने छ ।
- पूर्व प्राथमिक विद्यालय लगायत अन्य सबै विद्यालयहरुको स्थापना र कक्षा वृद्धिका लागि नेपाल सरकारद्वारा तोकिएको मापदण्ड कडाइका साथ लागू गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयहरुको संस्थागत विकासका लागि आवश्यक सहयोग उपलब्ध गराउनुका साथै क्रमशः सबै विद्यालयलाई प्रविधिमैत्री बनाइनेछ ।
- विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने कार्यलाई अनिवार्य गराइ कडाईका साथ लागू गरिनेछ ।
- गुणस्तरीय शिक्षाकालागि बालमैत्री शिक्षण सिकाईको अवधारणालाई लागू गरिने छ ।
- विद्यालय तथा बाल बिकास केन्द्रहरुको भौतिक पूर्वाधार निर्माण तथा ब्यवस्थापनलाई जोड दिइनेछ ।
- माध्यमिक तहका हरेक विद्यालयमा विपद् जोखिम न्युनीकरण शिक्षालाई अनिवार्य गरिनेछ ।
-

घ) <u>स्वास्थ्य</u>

- कोरोना भाइरसको संक्रमणबाट मृत्यु भएका ब्यक्तिको परिवारलाई राहत स्वरुप पचीस हजार रुपैयाँ दिइने छ ।

- शुन्य होम डेलिभरी सेवा सुनिश्चित गर्न वर्थिङ्ग सेन्टरहरु सञ्चालनमा ल्याइने छ।
- काभिड १९ को महामारीका वीच भारत लगायत विदेश र देशका विभिन्न स्थानबाट आउनेहरुलाई संक्रमणको आशंका भएका जनतालाई सुरक्षित राख्न क्वारेन्टीनको उचित व्यवस्थापन गरिने छ। साथै परीक्षणबाट संक्रमित देखिएका व्यक्तिलाई उपचारको व्यवस्था गर्नका लागि आवश्यकतानुसार आइसोलेशनको व्यवस्था गरिने छ। क्वारेन्टीनको क्षमता अभिवृद्धि गर्नुका साथै आइसोलेशनमा आवश्यक सेवा सुविधाको व्यवस्था गरिने छ।
- कोभिड १९ को समयमा अग्रपंक्तिमा रहेर काम गरेका स्वास्थ्यकर्मी तथा जनशक्तिलाई नेपाल सरकारले तोके बमोजिम प्रोत्साहन उपलब्ध गराइने छ।
- पूर्ण असक्त अपाङ्ग, असहाय, जेष्ठ नागरिकहरुको मासिक घरदैलो स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिइने छ।
- कोभिड १९ मा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिको लागि आवश्यक ब्यक्तिगत सुरक्षा उपकरणहरुको अभाव हुन दिइने छैन।
- बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता दिइने छ।
- आर्थिक बर्ष २०७७/०७८ मा कम्तिमा तीन वटा खोप केन्द्र भवन निर्माण गरिने छ।
- आर्थिक बर्ष २०७७/०७८ मा तीन वटा स्वास्थ्य संस्थामा वर्थिङ सेन्टर सञ्चालन गरिने छ। अधुरो रहेको बर्थिङ सेन्टरहरुको निर्माण कार्य पूरा गरिने छ।
- उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको लागि प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिने छ।
- "हामी सबैको सरोकार सुनौलो हजार दिनका आमा र बच्चाको स्याहार" कार्यक्रममार्फत पोषणको अवस्थामा सुधार ल्याइने छ।
- जेष्ठ नागरिकमा मोतिया विन्दुको समस्या समाधान गर्न आँखा शिविरका साथै विभिन्न स्वास्थ्य शिविरहरु सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्यमा शिविर सञ्चालन गरिने छ।
- स्वास्थ्य संस्थाहरुबाट किशोर किशोरीमैत्री सेवा प्रवाहलाई निरन्तरता दिइने छ।
- गाउँपालिका अन्तर्गत नव विवाहित दम्पतिलाई प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि तथा बधाई, स्वागत कार्यक्रम संचालन गरिने छ।
- कोभिड १९ को उच्च जोखिमलाई मध्य नजर राखि प्राथमिक स्वास्थ्य केन्द्र तोपामा १० देखि १५ बेडको आईसोलेशन संचालन ल्याइने छ।
- ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुले स्वेक्षाले राजीनामा दिएमा नेपाल सरकारबाट प्राप्त सुविधामा थप सुविधा प्रदान गरिने छ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच पुग्ने गरी आधारभुत स्वास्थ्य सेवा (मातृ शिशु, परिवार स्वास्थ्य, बाल स्वास्थ्य, पोषण, बहिरंङ्ग सेवा, स्वास्थ्य शिक्षा आदि) निःशुल्क रुपमा उपलब्धतालाई निरन्तरता दिइने छ।
- सूचिकृत गुणस्तरीय निःशुल्क औषधी, उपकरण र स्वास्थ्य सामग्रीको निरन्तर आपूर्ति र उपयोगितालाई सुनिश्चित गरिने छ।
- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजि क्षेत्रको तथा अन्य संघ संस्थाहरुसँगको सहकार्यलाई प्रबर्द्धन गरिने छ।
- स्वास्थ्यकर्मीहरुलाई आवश्यक विभिन्न बिषयगत तालिमहरुको ब्यवस्था मिलाइने छ।
- समुदायमा स्वास्थ्य शिक्षा प्रवाह गर्न आमा समूहहरुको क्षमता अभिवृद्धि गरिने छ।
- स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउन अभिलेख तथा प्रतिवेदनको अनलाईन डाटा ईन्ट्री गर्न प्रत्येक स्वास्थ्य संस्थामा कम्प्युटर, प्रिन्टर र ईन्टरनेट को व्यवस्था गरिने छ।
- औलो, कालाजारको नियन्त्रणकालागि औषधि छर्किने ब्यवस्था मिलाइनेछ।

ङ) <u>विविध</u>

- गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- मैथिली भाषा, साहित्य तथा संस्कृतिको प्रबर्द्धनकालागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिने छ।

- युएन एजेन्सी, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँगको सहयोग, सहकार्य तथा समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई लक्षित गरी मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्रका मूख्य एवं सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण तथा संचालन गर्नमा जोड दिइनेछ । सो को लागि विभिन्न सरोकारवाला निकायहरुसँग सहकार्य गरिनेछ ।
- गाउँपालिकामा रहेका निरक्षर व्यक्तिहरुको लगत संकलन गरी साक्षर बनाउन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- खाद्य पदार्थहरुको गुणस्तर र शुद्धता सुनिश्चित गर्न सम्बन्धित निकायहरु संग समन्वय गरी निरन्तर बजार अनुगमनको व्यवस्था मिलाइनेछ ।
- जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गतिविधीहरुलाई नियन्त्रण गरिनेछ ।
- जेष्ठ नागरिकको सम्मान तथा सहज जीवनयापनका लागि पारिवारिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेलकुद क्षेत्रको विकासकालागि कार्यक्रम बनाई विभिन्न निकायहरुसँग सहकार्य एवम् समन्वयमा कार्यान्वयन गरिने छ ।
- गरिब लक्षित विशेष कार्यक्रम सञ्चालन गरी गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- खानेपानी सुविधा भएका स्थानहरुमा खानेपानी गुरणस्तर सुनिश्चित गर्न पालिका तहमा खानेपानी गुरणस्तर जाँच गर्ने मिनी ल्यावको स्थापना गरिने छ भने आधारभूत खानेपानी सुविधा भएका वस्तीहरुमा सुरक्षित खानेपानी समुदाय घोषणा गरिदै लगिनेछ भने आधारभूत खानेपानी सुविधा नभएका समुदायहरुमा खानेपानी योजनाहरुको मर्मत सम्भार एवं नयाँ योजनाहरु निर्माण गरिनेछ ।
- सबै संघसंस्था र सामुदायिक संस्थाहरुको समेत सहभागितामा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । यस अभियान अन्तर्गत घरधुरीका शौचालयहरुको पूर्ण प्रयोग, मर्मतसम्भार, कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र सामुदायिक स्थानहरुमा साबुन पानीले हातधुने सुविधा सहित शौचालयहरुको सुनिश्चितता गरिदै लगिनेछ । विद्यालय तथा समुदायहरु मार्फत समुदायको सहभागितामा सरसफाइ अभियान सञ्चालन गरी ब्यबस्थित अनुगमनको आधारमा खुलादिसा मुक्त अवस्थालाई कायम राख्न सफा समुदाय घोषणा गरिदै लगिनेछ ।
- कोभिड १९ को महामारीलाई समेत ध्यान दिदै घरहरुमा, कार्यालयहरुमा, विद्यालयहरुमा, स्वास्थ्य संस्थाहरुमा, ब्यापार, ब्यबसाय र पसरलहरु सञ्चालन गरको स्थानहरुमा साबुन पानीले हातधुने सुविधाको सुनिश्चितता निजी, सामुदायिक र ब्यक्तिहरुको समेत साझेदारी साबुन पानीले हातधुने सुविधा सुनिश्चत गरिनेछ ।
- खानेपानी, सरसफाइ र स्वच्छता सुविधा निर्माण गर्दा यस पालिकामा हुने गरेका विपदलाई मध्यनजर गर्दै बाल, अपांग र लैंगिमैत्री सुविधाको सुनिश्चितता गरिनेछ । त्यस्तै यस पालिकाले मास्क निर्माण, ह्यान्ड स्यानीटाइजर निर्माण र प्लम्बिंग सम्बन्धी तालिमहरु सञ्चालन गरी आयमूलक कार्यहरुको अवसर समेत सृजना गरिनेछ ।

**(३) पूर्वाधार विकास**

- गाउँपालिकाभित्र निर्माण गरिने सार्वजनिक संरचनाहरुहरु अपाङमैत्री बनाउन विशेष पहल गरिने छ ।
- भौतिक पुर्वाधार सम्बन्धी हरेक योजनाहरुमा योजनाको प्रकृति अनुसार जनसहभागिता सुनिश्चित गरिनेछ ।
- निर्माण कार्यको प्रभावकारी अनुगमन तथा मूल्यांकनकालागि आवश्यक उपकरणहरुको व्यवस्था मिलाइने छ ।
- निर्माण, मर्मत सम्भार र स्तरोन्नति हुने सडकको दुवै साईडमा वृक्षारोपण गर्न सम्बन्धित उपभोक्ता समिति र स्थानीय जनतालाई अभिप्रेरित गरिनेछ ।
- भवन निर्माण मापदण्ड तथा आचार संहिता निर्माण गरी कडाईका साथ लागु गरिनेछ ।
- शुन्य पेश्की अवधारणा अनुरुप कार्य प्रगतिको मुल्याङ्कनको आधारमा मात्र भुक्तानी दिने नीतिलाई निरन्तरता दिइनेछ ।
- गुणस्तरीय निर्माण सुनिश्चित गर्न निर्माण कार्यको गुणस्तर परीक्षणलाई अनिवार्य गर्दै लगिनुका साथै अनुगमन र निरीक्षण कार्यलाई थप प्रभावकारी बनाइने छ ।
- आगामी दुई वर्ष भित्र गाउँपालिकाको भवन र वडा कार्यालयहरुको भवन निर्माण गरी सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ ।

- आर्थिक वर्षको अन्त्यमा आएर आयोजना स्वीकृती गरी कार्यान्वयन गर्ने प्रथाको अन्त्य गरिनेछ । आ.व. २०७७७८ मा कात्तिक महिना भित्र स्वीकृत आयोजनाहरुको सम्झौता गरी सक्ने र जेष्ठ महिना भित्र अन्तिम फरफारक गरिसक्ने व्यवस्था मिलाइने छ ।

**(४) वन वातावरण तथा विपद व्यवस्थापन**

- आर्थिक बर्ष २०७७/०७८ मा सबै वडा कार्यालय तथा कम्तिमा १० वटा विद्यालयमा चट्याङ प्रतिरोधी प्रणाली जडान गरिने छ ।
- बालकेन्द्रीत विपद् व्यवस्थापन कार्यक्रमलाई सबै वडामा निरन्तरता दिइनेछ ।
- आर्थिक बर्ष २०७७/०७८ मा विपद् सिकाई केन्द्र (Disaster Learning Centre) स्थापना गरिने छ ।
- विपद् व्यवस्थापन कोषमा रकम थप गरिने छ ।
- विभिन्न निकायसँगको सहकार्यमा विपद् व्यवस्थापनका लागि समुदाय तथा कर्मचारीहरुको क्षमता विकास गरिने छ ।
- बातावरण मैत्री स्थानीय शासन, प्रारुप २०७० अनुरुप हुने गरी वातावरण मैत्री विकासको अवधारणालाई अवलम्वन गर्दै लगिनेछ ।
- गाउँपालिकामा सञ्चालनमा रहेको आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) लाई अझै सुविधासम्पन्न बनाईने छ ।
- आर्थिक बर्ष २०७७/०७८ गाउँपालिका स्तरको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) निर्माण गरि सो बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- खाँडो खोला लगायतका विभिन्न नदी तथा खोलाहरुबाट बर्षेनी आउने बाढीबाट हुन सक्ने क्षतिबाट बच्न विभिन्न किसिमका सचेतनामुलक कार्यक्रम तथा अल्पीकरणका योजनाहरु सञ्चालन गरिनेछ ।
- बाढीबाट बच्न सुरक्षित स्थानसम्म जान हरेक वडाको निकास योजना (Evacuation Plan) निर्माण गरिनेछ ।
- खाँडो खोलाले बर्सेनी जनधनको क्षति गर्दै आएकोले बाँधिएको बाँधलाई अझ ठोस बनाउन तथा नियन्त्रण एवम् व्यवस्थापनको कार्य प्रभावकारी ढंगले गर्न सम्बन्धित निकायसँगको समन्वय गरिने छ ।
- गाउँपालिकाको हरेक वडाको सबै घरधुरीको जोखिम तथा विपन्नता वर्गिकरण गरिने छ ।
- जलवायु परिवर्तनका कारण हुने गरेको वातावरणीय क्षतिलाई कम गर्न "एक सन्तान एक रुख" अभियान सञ्चालन गरिने छ ।
- आगलागीका घटना हुन नदिन सचेतनामुलक कार्यक्रमका साथै घर बाहिर चुल्हो बाल्ने कार्यलाई प्रमुखताका साथ निरुत्साहित गरिने छ ।

**(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- सबै वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाइ ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमका अभिलेखलाई डिजिटलाइजेशन गरी प्रविधियुक्त बनाइ अनलाइन गरिने छ ।
- ब्यक्तिगत घटना दर्ता गर्नबाट कोही पनि नछुटुन् भन्ने उद्देश्यले हरेक वडामा ब्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरिने छ ।
- योजना अनुगमन तथा सुपरीवेक्षण कार्यलाई थप प्रभावकारी बनाइने छ ।
- सुशासन प्रबर्द्धन कार्यक्रमहरुमा सञ्चार प्रणाली उपयोगमा जोड दिइने छ ।
- विकास कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता र पारदर्शिता बढाउन विभिन्न निकायहरुसँगको सहकार्यमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण गरिने छ ।
- स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न आवश्यक विज्ञ सेवाको लागि सम्बद्ध पक्षहरुसँग समन्वय गरिनेछ ।
- गाउँपालिकाको आम्दानी तथा खर्च गाउँपालिका कार्यालयको सूचना पाटीको माध्यमबाट त्रैमासिक रुपमा सार्वजनिक गर्ने परिपाटीको शुरुवात गरिनेछ । यस कार्यलाई आगामी दिनमा निरन्तरता दिँदै गाउँपालिकाको आर्थिक क्षमताले भ्याएसम्म सञ्चारका विविध माध्यमद्वारा समेत समय समयमा सार्वजनिक गर्ने प्रयास गरिनेछ ।
- रु ५,००,०००। (पाँच लाख) वा सो भन्दा बढीका योजना तथा कार्यक्रमहरुमा सो योजना/कार्यक्रम संचालन हुने स्थानमा योजना सम्बन्धि जानकारी दिने होर्डिङ्ग बोर्ड राख्नु पर्ने प्रावधानलाई कडाईका साथ लागू गरिनेछ ।

- सामाजिक विकासलाई मध्यनजर गर्दै कुनै पनि शिक्षण संस्था र स्वास्थ्य संस्थाको ३०० मिटरको छेउछाउमा सुर्ती र मदिराजन्य सामग्री विक्री वितरण गर्न पाइने छैन । यी यस्ता सामाग्रीहरुको विक्री वितरणको लागि निश्चित तोकिएको स्थानमा मात्र गर्न पाईनेछ ।
- यस गाउँपालिका भित्र पर्ने स्वास्थ्य चौकी र वडा कार्यालयको काम कारवाहीलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउनका लागि विद्युतीय हाजिरीका साथै क्रमश: सि.सि टिभी क्यामेरा जडान गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण शुद्धिकरण/अद्यावधिक गर्न अन्य निकायहरुसँगको सहकार्यमा उपयुक्त स्वरुपको अभियान चलाइएको छ र यस कार्यलाई निरन्तरता दिइने छ ।
- उच्च प्रविधिको प्रयोग गर्नुपर्ने र ठूला लागत बाहेकका आयोजनाहरुको कार्यान्वयन उपभोक्ता समिति, सहकारी र सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ । उपभोक्ता समितिहरुलाई प्रभावकारी परिचालन गर्न उपभोक्ता समिति परिचालन कार्यविधि तर्जुमा गरिनेछ ।
- हरेक नागरीकको वैंक खातालाई अनिवार्य गरि वृद्धवृद्धा, एकल महिला, तथा अपाङ्ग नागरिकको सामाजिक सुरक्षा भत्ता वैंक मार्फत व्यक्तिको खातामा सिधै पठाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा दर्ता हुन आएका सवै विवादहरुलाई छिटो र छरितो छिनोफानो हुने ब्यवस्था मिलाइनेछ । यसका लागि सामुदायीक मेलमिलाप केन्द्रहरुलाई अधिकतम परिचालन गर्ने ब्यवस्था मिलाइनेछ ।

**(च) वित्तीय व्यवस्थापन**

- स्थानीय सरकारको मेरुदण्ड भनेको गाउँपालिकाको आन्तरिक आय भएकोले संवैधानिक रुपमा प्राप्त भएको राजस्व परिचालनको अधिकारलाई आत्मसात गर्दै आन्तरिक आयमा सुधार ल्याउन बहालकर, विटौरी करलाई संस्थागत गर्ने तथ्यांक संकलन सहितको विस्तृत अध्ययन गरिनेछ ।
- सेवाग्राहीलाई सेवा प्रवाह गर्नु अघि गाउँपालिकाको आर्थिक ऐन २०७८ मा तोकिएका कर, दस्तुर र सेवा शुल्क लिएर मात्र सेवा प्रवाह गरिनेछ । सेवा प्रवाह क्षेत्रसँग सम्बद्ध रकम नबुझाई सेवा दिएमा वा शुल्क दस्तुर छुट दिएमा सेवा प्रवाह गर्ने व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी अवधारणालाई गाउँपालिकाको कर संकलन र आय अभिबृद्धिको लागि प्रयोगमा ल्याउन विशेष पहल गरिनेछ ।
- प्रचलित ऐन, कानुन बमोजिम गाउँपालिकामा दर्ता भई संचालन हुनु पर्ने सबै प्रकारका व्यवसायलाई गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्न र गराउन लगाई सो को अभिलेख व्यवस्थित बनाउँदै लगिनेछ ।
- गत आ.व. सम्म साबिकका विभिन्न गाविसद्वारा लगाइएको ठेक्काहरुको लगत संकलन, अद्यावधिक गर्दै सो को अध्ययन गरी प्रचलित ऐन, कानुनको परिधी भित्र रही आवश्यक व्यवस्थित गर्नुका साथै उठाउन बाँकी रहेका बक्यौता रकमहरु नियमानुसार कडाइका साथ असुल उपर गर्न आवश्यक कदम चालिनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेका पोखरी तथा हाट बजारहरुको उपयुक्त व्यवस्थापन र विकास गरी आन्तरिक आम्दानीको एक प्रमुख श्रोतको रुपमा विकसित गर्दै लगिनेछ ।
- गाउँपालिका कार्यालयमा लिइने विभिन्न प्रकारका सेवा शुल्क, कर, दस्तुर, पञ्जीकरण आदि लगायतका कार्य सूचना प्रविधिमैत्री प्रणाली अबलम्बन गरिने छ ।
- विगतका वर्षहरुको बेरुजु, पेश्कीहरुको एकीकृत लगत खडा गरी त्यसको असुल उपर गर्दै फछ्र्यौट गर्ने/गराउने तर्फ आवश्यक प्रयास गरिनेछ ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

- संविधानको लक्ष्य अनुरुप संघीय शासन प्रणालीलाई आत्मसात गर्दै छिमेकी स्थानीय तह र अन्य स्थानीय तहसंगको सम्बन्धलाई गाउँपालिकाको स्वार्थ र आवश्यकताको आधारमा पारस्परिक हित, समानता, सहयोग र सौहार्द्रतामा वृद्धि हुने गरी सुदृढ गरिने छ ।
- सौर्य सडक बत्तीलाई प्राथमिकताको आधारमा ग्रामिण भेगसम्म कार्यान्वयन गर्न सम्बद्ध निकायहरुसँग सहकार्य एवम् समन्वय गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका ऐतिहासिक तथा पर्यटकीय महत्वका क्षेत्रहरुको पहिचान गरी त्यस्ता ठाउँहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति तथा योजना निर्माण गरिनेछ ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक बर्षको बजेटको विवरण प्रस्तुत गर्दछु ।

तिलाठी कोइलाडी गाउँपालिकाको आ.व.०७७/०७८ को कुल बजेट ३८ करोड ५३ लाख २४ हजार ५६० रुपैयाँ मात्र रहेको छ । कुल बजेटको चालु तर्फ २३ करोड १२ लाख २४ हजार ५६० रुपैयाँ र पूँजिगत तर्फ १५ करोड ४१ लाख रुपैयाँ रहेको छ । तिलाठी कोइलाडी गाउँपालिकाको कुल आन्तरिक आम्दानी ४० लाख रुपैयाँ प्रस्ताव गरिएको छ ।

कूल बजेटमा संघीयबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ११ करोड ५२ लाख र सशर्त अनुदानतर्फ १७ करोड, राजस्व बाँडफाँडबाट ६ करोड ७४ लाख ९४ हजार ५६० रुपैयाँ, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण तर्फ ७१ लाख ५६ हजार, राजस्व बाँडफाँडबाट ३४ लाख ७४ हजार, सशर्त अनुदानतर्फ ८० लाख, विशेष अनुदानतर्फ ३० लाख र समपुरक अनुदानतर्फ २० लाख तथा युनिसेफबाट ५० लाख रुपैयाँ प्राप्त हुनेछ । गाउँपालिकाको आठ वटै वडाहरुलाई आगामी आर्थिक बर्षको लागि वडा सिलिङ अन्तर्गत रु. ६५ लाख तोकिएको छ ।

**आदरणीय महानुभावहरु,**

आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु, गाउँपालिकाका बासिन्दाहरुका साथै गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु । धन्यवाद ।